इन्सेक अभियान

वर्ष १४, अङ्क १, पूर्णाङ्क १२४, वैशाख ०६६

नेपाल मानवअधिकार

वर्षपुस्तक २००८ विमोचित

साथमा ●अभियान-वार्ता ●इन्सेक विविध गतिविधि

नेपाल
मानवअधिकार वर्षपुस्तक २००८ विमोचन

सुवासचन्द्र नेम्वाङ
सभामुख

सुबोधराज प्याकुरेल
अध्यक्ष, इन्सेक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा ०६४ फागुन ७ गते नेपाल मानवअधिकार वर्षपुस्तक २००८ विमोचन समारोह सम्पन्न भयो। अन्तरिम व्यवस्थापिका संसदका सभामुख सुवासचन्द्र नेम्वाङले एक समारोहबीच सो पुस्तक सार्वजनिक गर्नुभएको हो। सामाजिक न्याय र मानवअधिकारको क्षेत्रमा कार्यरत इन्सेकले सन् १९९२ देखि हरेक वर्ष मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्दै आएको छ।

सोही समारोहमा आयोजित संविधानसभा चुनाव र कानुनको शासन विषयक विचारगोष्ठीमा इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले स्वागत मन्तव्य राख्दै नेपालमा कानुनी शासनको कुनै मान्यता नरहेको जनाउँदै नेपाली जनता अहिले पनि असुरक्षित रहेको बताउनुभयो। प्याकुरेलले इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्षपुस्तक १६ वर्षमा पुगेको जानकारी गराउनुभयो। इन्सेकका महासचिव कुन्दन अर्यालले मानवअधिकार वर्षपुस्तकबारेमा प्रकाश पार्दै यस वर्ष राज्यबाट मारिएकाको सङ्ख्या कम र गैरराज्य पक्षबाट बढी भएको उल्लेख गर्नुभयो। वर्तमान संसदले राजाको अधिकार कटौती गर्ने काम गरेको तर जनताको अधिकारका लागि संसद अग्रसर नभएको उहाँको भनाइ थियो। संविधानसभाको चुनाव नै सबै समस्याको समाधानको बाटो रहेको महासचिव अर्यालले दावी गर्नुभयो।

सुशील प्याकुरेल, पूर्व आयुक्त
राष्ट्रिय मानवअधिकार आयोग

कुन्दन अर्याल
महासचिव, इन्सेक

अन्तरिम व्यवस्थापिका संसदका सभामुख सुवासचन्द्र नेम्वाङले प्रजातान्त्रिक अभियानलाई यो विन्दुमा ल्याउन इन्सेकले महत्वपूर्ण भूमिका खेलेको बताउँदै निरङ्कुशताका दिनमा पनि मानवअधिकार वर्षपुस्तक प्रकाशन गर्नु आफैंमा आन्दोलन रहेको चर्चा गर्नुभयो। विचारगोष्ठीले कानुनको शासनसम्बन्धी एक अभियानको रूप लिने आशा सभामुख नेम्वाङले व्यक्त गर्नुभयो। संविधानसभाको निर्वाचनमा ५० प्रतिशत महिलाको सिट सुरक्षित गरिएको बताउँदै निर्वाचनमा दलित, जनजातिलगायतको सबै दलले सिट सुरक्षित गर्ने जानकारी नेम्वाङले दिनुभयो

निलाम्बर आचार्य
बुद्धिजीवी

पासाङ शेर्पा, अध्यक्ष
आदिवासी जनजाति महासंघ

कार्यक्रममा बोल्दै बुद्धिजीवी निलाम्बर आचार्यले मानवअधिकार घटना तथा मानवअधिकारसम्बन्धी चेतना दिने कार्यमा इन्सेकले उल्लेख्य कार्य गरेको बताउनुभयो। आचार्यले मुलुकमा कानुनको शासन नरहेको बताउनुभयो।

कृष्ण पहाडी
मानवअधिकार रक्षक

राष्ट्रिय मानवअधिकार आयोगका पूर्व आयुक्त सुशील प्याकुरेलले नेपालको शान्ति प्रकृया र मानवअधिकार वर्षपुस्तकबारेमा प्रकाश पार्दै मधेसमा आन्दोलनरत केही समूहले मधेसी जनताको असन्तुष्टिलाई अगाडि सारेर देशमा स्थापित हुन लागेको लोकतन्त्रलाई खतरामा पार्न खोजेको आरोप

मानवअधिकार वर्षपुस्तक विमोचन समारोहका सहभागीहरू

लगाउनुभयो। नेपाली जनताले दिएको कार्यादेश बोकेका राजनीतिक दलहरूलाई जनताले कसरी लिने भन्ने कुरामा सचेत हुनु पर्नेमा उहाँले जोड दिनुभयो।

आदिवासी जनजाति महासंघका अध्यक्ष पासाङ शेर्पाले मानवअधिकारको सम्मान गर्ने खालको शासन गर्न राजनीतिक दल उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो।

वर्ष २००७ मा राज्यबाट ३७ र गैरराज्य पक्षबाट ५ सय १४ जना मारिएको विमोचित मानवअधिकार वर्षपुस्तकमा उल्लेख छ। राज्यपक्षबाट गोली चलाई हत्या गरिएको तथा बल प्रयोग गरिएको घटना ज्यादै कम भएतापनि आफ्ना नागरिकलाई सुरक्षा प्रदान गर्न नसकेका कारण गैरराज्य पक्षबाट मानवअधिकारको ज्यादती बढी भएको उल्लेख छ। मधेसका मोरङ, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा गरी १० जिल्लामा गैराराज्य पक्षबाट व्यापक हिंसा भएको पुस्तकमा उल्लेख छ। ती जिल्लाहरूमा राज्यपक्षबाट २९ जना मारिए भने माओवादीबाट ३ जना, जनतान्त्रिक तराई मुक्ति मोर्चा (गोइत) बाट २३ जना, ज्वालासिंह समूहबाट ३९ जना, मधेसी टाईगर्सबाट ४ जना, मधेसी जनअधिकार फोरमबाट २९ जना मारिए। सन् २००७ मा आफूलाई राजनीतिक दलको रूपमा दावी गर्ने समूहले मुलुकभरिमा १ हजार ७ जनाको अपहरण गरेकोमा तीमध्ये ३ सय ४३ जनाको अपहरण तराईका उल्लेखित १० ओटा जिल्लाहरूमा नै भएको वर्षपुस्तकमा उल्लेख छ। ●

रोल्पाली जनता विकास र अग्रगमनको प्रतिक्षामा छन्

घनश्याम आचार्य मानवअधिकार सचेतन केन्द्र (हुरेक) रोल्पाका अध्यक्ष तथा इन्सेक रोल्पा जिल्ला प्रतिनिधि हुनुहुन्छ। ०५३ सालमा स्थापना भएको हुरेकले मानवअधिकार तथा सामाजिक न्यायका लागि इन्सेकसँग २०६० सालदेखि सहकार्य गर्दै आएको छ। माओवादी जनयुद्धको उद्‌गम थलो रोल्पामा सशस्त्र द्वन्द्वका समयमा मानवअधिकार उल्लंघनका घटना अत्याधिकरूपमा भए। मानवअधिकार उल्लंघन भएका बेला पीडितका पक्षमा बोलिदिने सङ्घसंस्थाहरू रोल्पामा थिएनन्। यस्तो अवस्थामा जनताको पक्षमा बोलिदिने एक मात्र संस्था हुरेक थियो। सशस्त्र द्वन्द्वका बेलामा **घनश्याम आचार्य** रोल्पा जिल्लामा मानवअधिकारको पर्याय हुनुहुन्थ्यो। प्रस्तुत् छ रोल्पा जिल्लाको मानवअधिकार अवस्थाका बारेमा घनश्याम आचार्यसँग गरिएको कुराकानीको सारसङ्क्षेप।

० रोल्पा जिल्लामा हालको मानवअधिकारको अवस्था कस्तो छ ?

- रोल्पा जिल्ला राज्यबाट विगतदेखि नै उपेक्षित जिल्ला हो। जिल्ला शिक्षा, स्वास्थ्य तथा रोजगारीको समस्याबाट गाँजिएको छ। जिल्लाका केही टाठा, बाठाहरू राजनीतिक क्षेत्रमा लागेका छन्। पञ्चायती व्यवस्थामा प्रधानपञ्च, जिमुवाल, मुखियाहरूले शासन चलाएका थिए। २०४६ सालपछि केही जनता जागरुक भएर राजनीतिमा सहभागी भए। २०४६ सालपछि राजनीतिक दलहरूबीचको अस्वस्थ प्रतिस्पर्धाका कारण सर्वसाधारण समस्यामा परे। २०५२ साल फागुन १ गतेदेखि माओवादी पार्टीले जनयुद्ध शुरु गरेपछि राज्य र माओवादीबाट रोल्पाली जनता दोहोरो मारमा परेका थिए। निर्दोष नागरिकहरूको ज्यान गएको थियो। विकासका पूर्वाधार नष्ट भए। जनआन्दोलन-२ सफल भएपछि केही अधिकारहरूको संरक्षण भएको आभाष भएको छ। तर जुन रूपमा मानवअधिकारको संरक्षण हुनुपर्ने हो त्यति हुन सकेको छैन। हाल राजनीतिक अधिकार तथा नागरिक अधिकारमा केही सुधार भए पनि आर्थिक तथा सामाजिक अधिकार, धार्मिक तथा सांस्कृतिक अधिकारबाट सर्वसाधारण जनता वञ्चित छन्। सरकारी पक्षबाट मानवअधिकार उल्लंघनका घटनाहरू भएको जानकारीमा आएको छैन। संविधानसभा निर्वाचन हुनुभन्दा पहिले, संविधानसभा निर्वाचनको समयमा राजनीतिक दलबाट र अज्ञात समूहबाट मानवअधिकार उल्लंघनका विभिन्न घटनाहरू भए। संविधानसभा निर्वाचनका क्रममा आफ्नो पार्टीको कार्यक्रम गर्दा कुटपिट गर्ने, धम्की दिने, जनतालाई कार्यक्रममा जान रोक लगाउने, अन्य दलका कार्यकर्ताहरूलाई धम्क्याउने जस्ता क्रियाकलाप माओवादी पार्टीका कार्यकर्ताहरूले गरे। स्वतन्त्रतापूर्वक निर्वाचन हुन नदिएको भनी नेपाली काङ्ग्रेस र नेकपा (एमाले)ले प्रेसविज्ञप्तिमार्फत् विरोध जनाएका थिए। जनयुद्धका १० वर्षमा अकल्पनीय दुःख र सास्ती भोगेका रोल्पाली जनताले हाल शान्तिको सास फेर्न पाएका छन्। संविधानसभाको निर्वाचन सम्पन्न भइसकेको यो अवस्थामा रोल्पालीले विकास र अग्रगमनको अपेक्षा गरेका छन्।

० मानवअधिकारको संरक्षण तथा सम्वर्धनका लागि मानवअधिकार सचेतन केन्द्र (हुरेक) ले कस्ता खालका गतिविधिहरू गरिरहेको छ ?

- मानवअधिकार सचेतन केन्द्रले २०५३ सालदेखि मानवअधिकार संरक्षण र सम्बर्द्धनसम्बन्धी काम गर्दै आएको

छ। मानवअधिकार उल्लंघन, ज्यादतीका घटनाहरू स्थलगत अध्ययन गरेर सार्वजनिक गर्ने, दबाब सृजना गर्ने, सम्बन्धित पक्षलाई ध्यान आकृष्ट गराउने, मानवअधिकार, शान्ति र मेल मिलापसम्बन्धी तालिम, भेला, अन्तरक्रिया, च्याली, गोष्ठी जस्ता कार्यक्रम सञ्चालन गर्ने गरेको छ। जिल्लास्तरका व्यक्तिहरू सम्मिलित सर्वदलीय, सर्वपक्षीय टोली गाउँ-गाउँमा गएर विभिन्न विषयमा सभा सञ्चालन गर्ने गरेका छन्। हामीले संविधानसभा निर्वाचनका क्रममा संविधानसभा निर्वाचनका भनेको के हो ? संविधानसभाबाट के हुन्छ ? संविधानसभा प्रक्रिया र मतदाता शिक्षा जिल्लाका ५१ वटै गाविसमा सञ्चालन गरी जनतालाई जागरुक गराउने कार्यक्रमहरु गर्‍यौं।

० मानवअधिकार सचेतन केन्द्र (हुरेक) का गतिविधिहरू मानवअधिकारको संरक्षण र सम्बर्द्धनका लागि कत्तिको फलदायी भएका छन् ?

- पञ्चायती व्यवस्थामा धेरै थिचोमिचोमा राखिएको र ०४६ सालको आन्दोलनपछि राजनीतिक पार्टीहरूबीच अस्वस्थ्य प्रतिस्पर्धा हुँदा जनताको अधिकार उल्लंघन भएको र ०५२ देखि जनयुद्ध सुरु भएपछि राज्य र विद्रोही पक्षबाट जनता दोहोरो मारमा परे। करिब ८ सय जनाको रोल्पालीको हत्या भयो। मानवअधिकार उल्लंघनका घटनाहरू यति धेरै भए कि त्यसबारेमा बोल्न र लेख्ने नसकिने अवस्था श्रृजना भयो। व्यक्तिगतरूपमा मानवअधिकारका गतिविधि गर्न असाध्यै कठिन भएको महसुस गरी २०५३ सालमा मानवअधिकार सचेतन केन्द्रको स्थापना गरिएको हो। हामीले विगतदेखि हालसम्म मानवअधिकारसम्बन्धी गतिविधि सञ्चालन गर्दै आएका छौं। कठिन अवस्थामा मानवअधिकार उल्लंघनका घटना बढी हुने भएकाले यस संस्थाको गतिविधिबाट जनता सचेत हुने र द्वन्द्वरत पक्षबाट उल्लंघन भएमा सशक्त आवाज उठाउने, दबाब सृजना कार्य गर्दा त्यस्ता गतिविधि धेरै नै फलदायी भएका थिए। सशस्त्र द्वन्द्वको समयमा रोल्पा जिल्लामा मानवअधिकारसम्बन्धी गतिविधि गर्ने संस्था हुरेक मात्र भएकाले यसप्रति जनताको आशा र भरोसा दुवै थियो।

० इन्सेकको सहयोगमा भएका गतिविधिहरूको प्रभाव कस्तो छ ?

- मानवअधिकार सचेतन केन्द्र (हुरेक) स्थापना कालदेखि नै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सँग आवद्ध रही मानवअधिकारसम्बन्धी विभिन्न कार्यक्रम गर्दै आएको छ। इन्सेकको सहयोगमा सञ्चालन गरिएका जनचेतनामुलक र दबावमुलक भएकाले यसको प्रभाव ग्रामीण क्षेत्रमा निकै नै परेको छ। जिल्लामा मानवअधिकार सचेतन केन्द्र (हुरेक) र इन्सेक दुवै संस्था मानवअधिकारको पर्यायको रूपमा स्थापित भएका छन्।

० स्थानीय समुदायले मानवअधिकार सचेतन केन्द्र (हुरेक) कार्यक्रमलाई कसरी लिएका छन् ?

- मानवअधिकार तथा सामाजिक न्यायका लागि सधैं क्रियाशील, जनसेवी संस्थाको रूपमा यस संस्थालाई रोल्पा जिल्लाका स्थानीय बासिन्दाले लिएका छन्। कठिन अवस्थामा पनि पीडितहरूको पक्षमा आवाज उठाउने, मानवअधिकारसम्बन्धी जनचेतना जगाउने र मानवअधिकार उल्लंघनका घटनाहरू निस्पक्षरूपमा बाहिर ल्याएर राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरसम्म लबिङ गर्ने संस्थाको रूपमा हुरेकलाई चिनेका छन्।

० कार्यक्रम सञ्चालनका क्रममा कस्ता दालका समस्याहरू आउने गरेका छन् ?

- मानवअधिकारसम्बन्धी कार्यक्रम गर्दा सशस्त्र द्वन्द्वको समयमा द्वन्द्वरत पक्षहरूले असहयोग गर्दा कार्यक्रमहरू गर्न समस्या आउने गर्दथ्यो। जनआन्दोलन-२ सफल भएयता राजनीतिक पार्टी प्रहरी प्रशासनबाट मानवअधिकारसम्बन्धी जुनसुकै कार्यक्रममा सक्रिय सहयोग प्राप्त भएको छ। मानवअधिकार सचेतन केन्द्रले विस्थापितहरूलाई पुनर्स्थापित गर्दा, गाउँमा मेलमिलाप सभा कार्यक्रम गर्दा, गाउँमा सर्वदलीय, सर्वपक्षीय अनुगमन गर्नको लागि जिल्लास्तरबाट राजनीतिक दलका नेताहरू, प्रहरी प्रमुख, प्रमुख जिल्ला अधिकारी सञ्चारकर्मीहरूबाट सक्रियतापूर्वक सहभागिता जनाइएको छ।

० समस्या समाधानका लागि कस्ता उपायहरू अपनाउने गर्नु भएको छ ?

- सशस्त्र द्वन्द्व भइरहेको समयमा सशस्त्र द्वन्द्वरत पक्ष नेपाल सरकारका प्रहरी, नेपाली सेना, प्रमुख जिल्ला अधिकारी र नेकपा (माओवादी) का नेताहरूसँग पटक-पटक भेट गरेर कार्यक्रमको उद्देश्य जानकारी दिने गरिएको थियो। समन्वय, छलफल गरेर वातावरण बनाउने र अन्य राजनीतिक दलहरूको सहयोग लिएर कार्यक्रम गर्दा जस्तोसुकै समस्या भएपनि समाधान गर्न सकिन्थ्यो। जनआन्दोलन-२ सफल भएपछि विगतमा भन्दा काम गर्न सजिलो भएको छ। ●

इन्सेक
विविध गतिविधि

इन्सेक कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा

काभ्रे, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले यस वर्ष सञ्चालन गरिरहेका कार्यक्रमहरूको ०६४ माघ २३ र २४ गते धुलिखेलमा अर्धवार्षिक समीक्षा गरेको छ। समीक्षाको सुरुवात गर्दै इन्सेकका निर्देशक विजयराज गौतमले कार्यक्रमहरूको समीक्षा गरेर अघि बढ्दा कमीकमजोरी सच्याउन र भावी योजना बनाउन सजिलो हुने बताउनुभयो। इन्सेक लेखा शाखा प्रमुख प्रेम पराजुलीले काम गर्दा कमजोरी

अर्धवार्षिक समीक्षा बैठक, काभ्रे

नै हुँदैन भन्ने नभएको तर कमजोरीलाई सच्याएर अघि बढ्न सुझाव दिनुभयो।

कार्यक्रममा डानिडाको सहयोगमा सञ्चालित शान्तिका लागि कार्यक्रम, सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालित विस्थापितहरूलाई पुनर्स्थापना तथा बालबालिका सहयोग कार्यक्रम, आइआरसीको सहयोगमा सञ्चालित विस्थापितलाई सहयोग कार्यक्रम, एफ केको सहयोगमा सञ्चालित साउथ साउथ एक्सचेन्ज कार्यक्रम, एनइडीको सहयोगमा सञ्चालित नेपालको राजनितिक दलहरूमा लोकतान्त्रीककरण, युनिसेफको सहयोगमा सञ्चालित बालबालिकाको डाटा बैङ्क कार्यक्रम, मानवअधिकार वर्षपुस्तक, इन्सेक अनलाईन, पीडित सहायता कार्यक्रमका बारेमा समीक्षा गरिएको थियो।

मानवअधिकार तालिम सम्पन्न

गोरखा, ग्रामीण सुदृढीकरण केन्द्र गोरखाको आयोजनामा फिनाम गाविसमा तीनदिने आधारभूत मानवअधिकार तालिम ०६४ कात्तिक ३० सम्पन्न भयो। ३ दिनसम्म सञ्चालित उक्त तालिममा मानवअधिकार इन्सेक परिचय र सहकर्मी संस्था परिचय, मानवअधिकार र महिलाअधिकार, समविकास, सङ्गठन व्यवस्थापन, सामाजिक कुरीति र यसका परिणामहरू र समूह र यसले गर्ने कार्य, संयुक्त राष्ट्रसङ्घ र ६ ठूला महासन्धिहरू, संविधानसभा र यसका प्रक्रियाहरू, द्वन्द्व हिंसा र शान्ति, पुनर्मिलन, पुनर्निर्माण, सङ्क्रमणकालीन न्याय र सत्यनिरूपण आयोग आदि विषयमा सम्झना देवकोटा, लक्ष्मी थापामगर तथा विमला पुलामी मगरले सहजीकरण गर्नुभएको थियो। तालिममा २६ जनाको सहभागिता रहेको थियो।

यसैगरी, नारेश्वर गाविसमा ३ दिने आधारभूत मानवअधिकार तालिम ०६४ मङ्सिर ९ गते सम्पन्न भयो। ३ दिनसम्म सञ्चालित उक्त तालिममा मानवअधिकार, इन्सेक परिचय र सहकर्मी संस्था परिचय, मानवअधिकार र महिलाअधिकार, समविकास, सङ्गठन व्यवस्थापन, सामाजिक कुरीति र यसका परिणामहरू र समूह र यसले गर्ने कार्य, संयुक्त राष्ट्रसङ्घ र ६ ठूला महासन्धिहरू, संविधानसभा र यसका प्रक्रियाहरू, द्वन्द्व हिंसा र शान्ति, पुनर्मिलन, पुनर्निर्माण, सङ्क्रमणकालीन न्याय र सत्यनिरूपण आयोग आदि विषयमा सम्झना देवकोटा, लक्ष्मी थापा मगर तथा विमला पुलामी मगरले सहजीकरण गर्नुभएको थियो। तालिममा २६ जनाको सहभागिता रहेको थियो।

यसैगरी, ०६४ मङ्सिर १४ गते अश्राङ्ग गाविसमा ३ दिने आधारभूत मानवअधिकार तालिम सम्पन्न भयो। अश्राङ्ग गाविसको वडा नं. १, २ र ३ का मानवअधिकार सञ्जालका पदाधिकारीहरूलाई दिइएको उक्त तालिममा विमला पुलामी मगरले इन्सेक अभियान र सहकर्मी संस्था परिचय, मानवअधिकार र महिला अधिकार, समविकास, सामाजिक कुरीति र यसका परिणामहरू, नेतृत्व र यसका गुणहरूको बारेमा सहजीकरण गर्नुभएको थियो भने संयुक्त राष्ट्रसङ्घ र ६ ठूला महासन्धिहरू, संविधानसभा र यसका प्रक्रियाहरू, सङ्क्रमणकालिन न्याय र सत्यनिरूपण आयोग, द्वन्द्व हिंसा र शान्ति, पुनर्मिलन र पुनर्निर्माणको बारेमा सम्झना देवकोटाले सहजीकरण गर्नु भएको थियो। त्यस्तै गरी समूह र यसले गर्ने कार्यहरू र सङ्गठन व्यवस्थापनको बारेमा सुमित्रा भन्तनाले सहजीकरण गर्नुभएको थियो।

यसैगरी, ताप्ले गाविसमा ३ दिने आधारभूत मानवअधिकार तालिम मङ्सिर १९ गते सम्पन्न भयो। ताप्ले गाविसको वडा नं. ७, ८ र ९ को मानवअधिकार सञ्जालका

पदाधिकारीहरूलाई दिइएको उक्त तालिमको उद्घाटन सत्रको अध्यक्षता सहभागीहरू मध्येको जेष्ठ नागरिक लीलाकुमारी भट्टराईले गर्नुभएको थियो। ३ दिनसम्म सञ्चालित उक्त आधारभूत मानवअधिकार तालिममा विमला पुलामी मगरले इन्सेक अभियान र सहकर्मी संस्था परिचय, मानवअधिकार र महिला अधिकार, समविकास, सामाजिक कुरीति र यसका परिणामहरू, सङ्गठन व्यवस्थापन, समूह र यसले गर्ने कामहरूको बारे सहजीकरण गर्नुभएको थियो भने नेतृत्व र यसका गुणहरूको बारेमा रुमा भट्टले सहजीकरण गर्नुभएको थियो। त्यस्तै गरी संयुक्त राष्ट्रसङ्घ र सात ठूला महासन्धिहरू, संविधानसभा र यसका प्रक्रियाहरू, द्वन्द्व हिंसा र शान्ति, सङ्क्रमणकालिन न्याय र सत्यनिरूपण आयोग, पुनर्मिलन र पुननिर्माणका बारेमा सम्झना देवकोटाले सहजीकरण गर्नु भएको थियो।

मानवअधिकार सचेतना कार्यक्रम सम्पन्न

इलाम, इलामको इरौंटार गाविसमा मानवअधिकारसम्बन्धी एक दिने सचेतना कार्यक्रम ०६४ माघ १३ गते सम्पन्न भयो। इन्सेकद्वारा सञ्चालित मानवअधिकार शिक्षा कार्यक्रम अन्तर्गतको स्थानीय सञ्जालले आयोजना गरेको उक्त तालिममा ४८ महिला र २८ पुरुषको सहभागिता रहेको थियो। स्थानीय मानवअधिकारका सवाल र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका बारेमा चर्चा गरिएको उक्त कार्यक्रमको सहजीकरण मानवअधिकार शिक्षा कार्यक्रमका कार्यक्रम संयोजक केशवकुमार धौरालीले गर्नुभएको थियो।

आन्तरिक विस्थापितसम्बन्धी कार्यशाला सम्पन्न

विराटनगर, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पूर्वाञ्चल क्षेत्रीय कार्यालय र शरणार्थीसम्बन्धी राष्ट्रसङ्घीय नियोग (यूएनएचसीआर) अन्तर्गत आठओटा जिल्लामा सञ्चालित आन्तरिक विस्थापितको वर्तमान अवस्थाको अनुगमन कार्यक्रम ०६४ माघ १६ गते विराटनगरमा एक कार्यशाला आयोजना गरी सम्पन्न भयो।

ताप्लेजुङ, पाँचथर, इलाम, तेह्रथुम, धनकुटा, संखुवासभा, धनकुटा, सोलुखुम्बु र उदयपुर जिल्लामा तीन महिनासम्म स्थलगत अध्ययन गरेर विस्थापितको अवस्थाका बारेमा कार्यक्रममा मूल्याङ्कन गरिएको थियो। कार्यक्रममा इन्सेक पूर्वाञ्चल कार्यालयका क्षेत्रीय संयोजक सोमराज थापाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा प्रलेख अधिकृत भुवन अधिकारीले पूर्वाञ्चलमा रहेको विस्थापितको

मानवअधिकार तालिम, रुपन्देही

अवस्थाको बारेमा विश्लेषण गुर्नभएको थियो। कार्यक्रम लागू भएका आठ जिल्लाका १६ जना, इन्सेक केन्द्रीय कार्यालयका विद्यानाथ भुर्तेल र यूएनएचसीआरका डेपुटी प्रतिनिधि मीकेले डि निस्साले कार्यक्रममा सहभागिता जनाउनुभएको थियो।

राष्ट्रसङ्घीय सन्धि अनुगमन तालिम सम्पन्न

नेपालगञ्ज, मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको आयोजनामा संयुक्त राष्ट्रसङ्घीय सन्धि अनुगमन संयन्त्रमा गैरसरकारी संस्थाहरूको सहभागिता विषयक दुई दिने तालिम ०६४ माघ २५ गते नेपालगञ्जमा सम्पन्न भयो। तालिमको उद्घाटन समारोहमा इन्सेक क्षेत्रीय संयोजक भोला महतले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयोगका मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय प्रमुख काथिया र राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जका निर्देशक वेदप्रसाद भट्टराईले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो। ग्रामीण पुनर्निर्माण संस्थाका क्षेत्रीय प्रमुख रामप्रसाद गौतम, ओएचसीएचआरका सुनिल गुरुङ र भीम परियारले तालिमको सहजीकरण गर्नुभएको थियो। तालिममा मध्यपश्चिम क्षेत्रका २० जना मानवअधिकार कार्यकर्ताको सहभागिता रहेको थियो।

मानवअधिकार तालिम, इलाम

मानवअधिकार तालिम, गोरखा

कार्यशाला गोष्ठी सम्पन्न

काठमाडौं, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा जनसम्वाद तथा सामाजिक अवस्था विश्लेषण कार्यशाला गोष्ठी ०६४ माघ १७ गते राजधानीमा सम्पन्न भयो। राजनीतिक दलका नेता तथा अन्तरिम व्यवस्थापिकाको संसदहरूको उपस्थितिमा माघ १५ देखि १७ गतेसम्म उक्त कार्यशाला गोष्ठी सञ्चालन भएको थियो। इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेलले कार्यशाला गोष्ठीको बारेमा प्रकाश पार्दै सहभागीबाट आउने राजनीतिक ज्ञानले देशको मुक्ति हुने भएकाले राजनीतिकर्मीको सहभागितामा गोष्ठी आयोजना गरिएको बताउनुभयो। कार्यक्रममा व्यवस्थापिका संसदका २५ जना सांसदहरूको उपस्थिति थियो।

मानवअधिकार अनुगमन सम्पन्न

रोल्पा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तथा मानवअधिकार सचेतन केन्द्र रोल्पाको संयुक्त आयोजनामा एक सर्वपक्षीय टोलीले पूर्वी रोल्पाको तेवाङ गाविसमा पुनर्स्थापितको अवस्थाको स्थलगत अध्ययन गऱ्यो। टोलीले सो क्षेत्रको अनुगमन गरी ०६४ माघ १४ गते जिल्ला सदरमुमाम फर्किएको हो। कात्तिक १९ गते औपचारिक रूपमा आफ्नो थातथलोमा फर्केका विस्थापितहरूको अवस्था अनुगमन गर्न सो टोली त्यहाँ पुगेको थियो। पुनर्स्थापितहरूलाई गाउँमा बस्नका लागि वातावरण सहज भएको भए पनि उनीहरूलाई भौतिक सहयोगको खाँचो भएको टोलीले अध्ययनपश्चात् बताएको छ। अनुगमनका लागि सर्वपक्षीय टोली जिल्लाको ग्रामीण क्षेत्रमा पुगेको यो पहिलो पटक हो। अनुगमन टोली गाउँगाउँ पुग्दा पुनःस्थापितलगायत द्वन्द्वपीडितहरू उत्साहित भएका थिए। टोलीमा प्रमुख जिल्ला अधिकारी बलदेव गौतम, डीएसपी बसन्तकुमार लामा, नेपाली काङ्ग्रेसका सभापति कृष्ण घर्ती, एमाले जिल्ला सदस्य मनसिं डाँगी, माओवादी जिल्ला सदस्य मनबहादुर बुढा, जनमोर्चा नेपालका अध्यक्ष राजकुमार कक्षपति, राष्ट्रिय मानवअधिकार आयोगका बालकृष्ण पोखेल, पत्रकार महासङ्घ रोल्पाका सभापति काशीराम डाँगी, सञ्चारकर्मी केशव शर्मा, मानवअधिकार संचेतन केन्द्रका सचिव खेम बुढा, इन्सेक जिल्ला प्रतिनिधि घनश्याम आचार्यलगायत १७ जनाको सहभागिता रहेको थियो।

प्रवचन कार्यक्रम सम्पन्न

रोल्पा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) तथा मानवअधिकार सचेतन केन्द्र रोल्पाको संयुक्त आयोजनामा रोल्पा तेवाङस्थित नेपाल राष्ट्रिय निम्न माध्यमिक विद्यालयमा ०६४ माघ १३ गते शान्ति अग्रगमन र राज्यको पुनःसंरचनाका लागि संविधानसभा विषयक प्रवचन कार्यक्रम सम्पन्न भयो। इन्सेक प्रतिनिधि तथा मानवअधिकार सचेतन केन्द्र रोल्पाका अध्यक्ष घनश्याम आचार्यको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी बलदेव गौतमको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा काङ्ग्रेस सभापति कृष्ण घर्ती, एमाले सदस्य मनसिं डाँगी, माओवादी सदस्य मनबहादुर बुढा, जनमोर्चा नेपालका अध्यक्ष राजकुमार कक्षपति, डीएसपी बसन्त लामा, पत्रकार महासङ्घका सभापति काशीराम डाँगी, राष्ट्रिय मानवअधिकार आयोगका अधिकृत बालकृष्ण पोखेल, स्थानीय माओवादी नेतालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा बोल्ने अधिकांश वक्ताले सविधानसभा निर्वाचनका लागि सबै एकजुट भएर लाग्नुपर्ने र यस्तो कार्यक्रम जिल्लाका गाउँगाउँमा सञ्चालन भएमा गाउँलेहरूको मनोबल बढ्नेमा जोड दिएका थिए। कार्यक्रमको सञ्चालन मानवअधिकार संचेतन केन्द्रका सचिव खेम बुढाले गर्नुभएको थियो। जिल्लाका प्रमुखहरू सम्मिलित टोली गाउँ पुगेर कार्यक्रममा गरेको यो पहिलोपटक हो।

मानवअधिकार सचेतना तालिम सम्पन्न

इलाम, मानवअधिकार सचेतनासम्बन्धी एक दिने तालिम इलामको शान्तिपुर गाविसमा ०६४ माघ १९ गते सम्पन्न भयो। मानवअधिकार सञ्जाल शान्तिपुरले आयोजना गरेको उक्त तालिममा स्थानीय ३२ जना पुरुष र २२ जना महिलाको सहभागिता रहेको थियो। तालिममा मानवअधिकारका सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा चर्चा गरिएको थियो। तालिममा मानवअधिकार शिक्षा कार्यक्रमका कार्यक्रम संयोजक केशवकुमार धौराली र मानवअधिकार मञ्च नेपाल, इलामका इश्वर लुइँटेलले सहजीकरण गर्नुभएको थियो।

यसैगरी, इलामको इरौंटार गाविसमा मानवअधिकारसम्बन्धी एकदिने सचेतना कार्यक्रम ०६४ माघ

१३ गते सम्पन्न भयो। इन्सेकद्वारा सञ्चालित मानवअधिकार शिक्षा कार्यक्रम अन्तर्गतको स्थानीय सञ्जालले आयोजना गरेको उक्त तालिममा ४८ महिला र २८ पुरुषको सहभागिता रहेको थियो। स्थानीय मानवअधिकारका सवाल र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय कानुनका बारेमा चर्चा गरिएको उक्त कार्यक्रमको सहजीकरण मानवअधिकार शिक्षा कार्यक्रमका कार्यक्रम संयोजक केशवकुमार धौरालीले गर्नुभएको थियो।

अन्तरक्रिया कार्यक्रम सम्पन्न

डडेल्धुरा, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) डडेल्धुराले सरस्वती माविं भाँत्काडामा शिक्षक तथा सरोकारवालाहरूसँग ०६४ माघ २२ गते अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। शान्ति र द्वन्द्व विषयक अन्तरक्रिया कार्यक्रममा संविधानसभा र शान्ति प्रक्रियाका बारेमा छलफल भएको थियो। उक्त कार्यक्रम सो विद्यालयका प्रधानाध्यापक शान्ति पनेरूको अध्यक्षता र इन्सेक शान्ति अभियान जिल्ला संयोजक सिद्धराज ओझाको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो। कार्यक्रमको सञ्चालन इन्सेक सहजकर्ता तर्कराज भट्टले गर्नुभएको थियो। कार्यक्रममा विभिन्न विद्यालयका शिक्षक, व्यवस्थापन समितिका पदाधिकारी गरी २२ जनाको सहभागिता रहेको थियो।

यसैगरी, सामुदायिक विकास तथा कानुनी अनुसन्धान मञ्च नेपाल, डडेल्धुराको आयोजनामा लोकतन्त्र, मानवअधिकार र संविधानसभा विषयक अन्तरक्रिया कार्यक्रम ०६४ माघ १६ गते सम्पन्न भएको छ। कार्यक्रमका प्रमुख अतिथि जिल्ला न्यायाधिवक्ता राजेन्द्रसिंह भण्डारीले शहीदका तस्वीर प्रदर्शन गरेर होइन आफ्ना चरित्र र आचरणमा सुधार गरेर शहीद दिवस मनाइनुपर्छ भन्दै, देश बनाउनका लागि सबैमा बलिदानी भावना भएमा मुलकको तुरुन्तै कायापलट हुने विचार राख्नुभएको थियो। त्यसैगरी राष्ट्रिय जनमोर्चा नेपालका जिल्ला अध्यक्ष एवम् केन्द्रीय सदस्य लालबहादुर जाग्रीले नेपालको राजनीतिमा विदेशी एजेन्ट थुप्रै भएको र उनीहरूले तराई पहाड सबैतर्फ अशान्ति फैलाएर मुलुकको अखण्डतालाई समाप्त गर्न चाहेको ठोकुवा गर्नुभयो। एमाले अञ्चल समन्वय कमिटी सदस्य ज्ञानु गैरेले संविधानसभाको चुनाव महिला दलित र उत्पीडित वर्गलाई चाहिएको बताउनुभयो। त्यसैगरी माओवादी जिल्ला कमिटी सदस्य लोकेन्द्र धामीले शासन गर्ने तहमा उत्पीडित वर्गको सहभागिता गराउनका लागि पनि संविधानसभा आवश्यक भएको बताउनुभयो। बार एसोसियसन डडेल्धुराका अध्यक्ष हरिप्रसाद भट्टले लोकतन्त्रमा मात्रै सबैको

बालअधिकार सचेतन कक्षा, धनकुटा

विचारको सम्मान र मानवअधिकारको प्रत्याभूति हुने बताउनु भयो। यसैगरी कार्यक्रममा बोल्दै मानवअधिकारकर्मी, पत्रकार, विभिन्न सामाजिक सङ्घसंस्थाका व्यक्तिहरूले संविधानसभाको चुनाव समयमै गर्न चुक्न नहुनेमा जोड दिएका थिए। सामुदायिक विकास तथा कानुनी अनुसन्धान मञ्च नेपालका अध्यक्ष नरेन्द्र रोकायाको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रमको सञ्चालन सचिव केशव बोहराले गर्नुभएको थियो भने स्वागत मन्तव्य कोषाध्यक्ष निलम पनेरूले राख्नुभएको थियो।

बर्दिया, इन्सेक बर्दियाको आयोजनामा संविधानसभा निर्वाचनको सन्दर्भमा सरकार र माओवादीबीच विभिन्न समयमा भएका सहमति, सम्झौता, आचारसंहिताका बारेमा स्मरण गराउने उद्देश्यले ०६४ माघ १५ गते माओवादी पार्टी र त्यसका जनवर्गीय सङ्गठनका कार्यकर्ताबीच सदरमुकाम गुलरियामा वर्तमान शान्ति प्रक्रिया र मानवअधिकारको सवाल विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो।

इन्सेक मध्यपश्चिम क्षेत्रीय संयोजक भोला महतको प्रमुख आतिथ्य र कार्यक्रम संयोजक बसन्त ओझाको अध्यक्षतामा कार्यक्रम सञ्चालन भएको थियो। उक्त कार्यक्रममा प्रमुख अतिथि महतले आगामी संविधानसभाको निर्वाचन स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा हुनुपर्ने बताउनु भयो। मन्तव्यको क्रममा महतले बेपत्ता पारिएकाहरूलाई सार्वजनिक

मानवअधिकार तालिम, गोरखा

मानवअधिकार तालिम, कपिलवस्तु

गर्न र सत्य निरूपण तथा मेलमिलाप आयोग तत्काल गठन गर्न अनुरोध गर्दै मेलमिलापको नाममा अपराधीलाई क्षमादान दिए पुन: विद्रोह हुने बताउनुभयो।

माओवादी पार्टी र त्यसका जनवर्गीय सङ्गठनका ४० जना प्रतिनिधिहरू सहभागी भएको कार्यक्रममा अधिवक्ता कृष्णप्रसाद सुवेदीले वर्तमान शान्ति प्रक्रिया र मानवअधिकारको सवाल विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा बर्दिया नागरिक समाज सञ्जालका संयोजक गोविन्द पाण्डेले जनतामा मानसिक त्रास अहिले पनि कायमै भएको बताउँदै माओवादी र सरकारबीच समय-समयमा भएको सहमति, सम्झौता, नेपालको अन्तरिम संविधान अक्षरश: पालना हुनुपर्ने बताउनुभयो। माओवादी जिल्ला कमिटी सदस्य आनन्द ढुङ्गानाले ९५ प्रतिशत नेपाली जनता अहिले पनि गाँस, बास, कपासबाट वञ्चित भएको भन्दै ती जनताको आधारभूत आवश्यकताबाट समेत वञ्चित भएको बताउनुभयो।

आधारभूत मानवअधिकार तालिम सम्पन्न

धनकुटा, धनकुटाका कार्यक्रम सञ्चालित चारवटा गाविसहरू पाख्रिवास, मुगा, घोर्लिखर्क र फलाटेमा छनौट भएका स्थानीय समूहहरूका सदस्यहरूलाई तीनदिने आधारभूत मानवअधिकार तालिम ०६४ पुस १९ गते सम्पन्न गरियो। तालिममा मानवअधिकारका विभिन्न विषयहरू, समूहको दिगोपन, महिला अधिकार, बालअधिकार, मानवअधिकार नेतृत्वमा हुनुपर्ने गुणहरू, जेण्डर, सञ्चार आदि विषयमा

शान्ति चाली, सिरहा

छलफल गरिएको थियो भने शकुन्तला बराल, खेम घिमिरे, राजकुमारी राई, पर्शुराम नेपाल र भरत अधिकारीले तालिमको सहजीकरण गर्नुभएको थियो भने चारवटै गाविसका महिला ९५ पुरुष ४९ गरी जम्मा १४४ जनाको सहभागिता रहेको थियो।

अनौपचारिक रूपमा सम्पन्न गरिएको समापन कार्यक्रममा सहभागीहरूले छलफल गरिएका विषयहरू समसामयिक रहेको र सिकेका कुराहरूलाई व्यवहारमा ढाल्नका लागि प्रयत्न गर्ने तथा आफ्नो समूहमा यी विषय लागी पर्ने प्रतिवद्धतासमेत गरेका थिए।

इलाम, इलामका इरौंटार, जिर्मले, शान्तिपुर र कोलबुङमा मानवअधिकार शिक्षा कार्यक्रमअन्तर्गत छनौट भएका स्थानीय समूहहरूका सदस्यहरूका लागि आयोजित तीन दिने आधारभूत मानवअधिकार तालिम २०६४ पुस ८ गते सम्पन्न भयो। तालिममा मानवअधिकारका विभिन्न विषयहरू, समूहको दिगोपन, महिला अधिकार, बालअधिकार, मानवअधिकार नेतृत्वमा हुनुपर्ने गुणहरू, जेण्डर, सञ्चार आदि विषयमा छलफल गरिएको थियो। मानवअधिकार मञ्च नेपाल इलामका केशव धौराली, वीरबहादुर खड्का, दीपेन्द्र खनालले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा महिला ७४ र पुरुष ७३ गरी जम्मा १४७ जनाको सहभागिता रहेको थियो।

मानवअधिकार नेतृत्व विकास तालिम सम्पन्न

कञ्चनपुर, अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको सहयोग र मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र (ह्युपेक) को आयोजनामा महेन्द्रनगरमा सञ्चालित मानवअधिकार रक्षकका लागि नेतृत्व विकास तालिम ०६४ फागुन २३ गते सम्पन्न भयो। तालिममा तीन पुरुष र २१ महिला गरी २४ जनाको सहभागिता रहेको थियो। मानवअधिकार तथा वातावरण संरक्षण केन्द्र ह्युपेकका अध्यक्ष बासुदेव भाइसाबको अध्यक्षतामा सम्पन्न समापन समारोहमा गैरसरकारी संस्था महासंघका जिल्ला अध्यक्ष सुरेन्द्र विष्टले तालिमका सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो। तालिममा संस्थाका अध्यक्ष बासुदेव भाइसाब, सचिव लालबहादुर खड्का, सदस्य कोमल भाट, ह्युपेकका कार्यक्रम संयोजक वीरबहादुर डगौंरा, अधिवक्ता सुरेन्द्र उप्रेती, इन्सेक जिल्ला प्रतिनिधि युवराज घिमिरे, इन्सेक क्षेत्रीय कार्यालयका कार्यक्रम संयोजक दिलबहादुर चौधरीलगायतले सहजीकरण गर्नुभएको थियो।

कैलाली, इन्सेक आवद्ध संस्था मानवअधिकार सचेतन तथा सामाजिक विकास केन्द्र (हुराड्स) को आयोजनामा सञ्चालित पाँचदिने मानवअधिकार नेतृत्व विकास तालिम ०६४ फागुन १९ गते टीकापुरमा सम्पन्न भयो। टीकापुर बहुमुखी क्याम्पसका प्रमुख जगतबहादुर सिंह रावलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेकपा (एमाले) की गरिमा शाह, राष्ट्रिय प्रजातन्त्र पार्टीका धिरेन्द्र रावल तथा तालिमका सहभागी र प्रशिक्षकहरूको सहभागिता रहेको थियो। समापन कार्यक्रममा एमालेकी गरिमा शाहले राज्यको पुन:संरचना जातीय आधारमा हुन नहुने तर राज्यलाई समावेशी सिद्धान्तको आधारमा संविधान बनाई राज्यको पुन:सरचना गर्नुपर्ने धारणा राख्नुभयो। कार्यक्रमका प्रमुख अथिति तथा क्याम्पस प्रमुख रावलले जनतालाई आश्वासन दिनुभन्दा आफ्ना प्रतिबद्धताहरूलाई पूरा गर्नुपर्ने कुरामा जोड दिनुभएको थियो। पाँच दिनसम्म सञ्चालन भएको मानवअधिकार नेतृत्व विकास तालिमको सहजीकरण इन्सेक क्षेत्रीय कार्यालय धनगढीका कार्यक्रम संयोजक दिलबहादुर चौधरी, बालाराम भट्टराई, यज्ञमुर्ति अर्याल, फिरुलाल चौधरी, सोहनलाल कठरियालगायतले गर्नुभएको थियो भने तालिममा विभिन्न बाल क्लबका २४ जनाको सहभागिता रहेको थियो। सहभागी मीना चौधरीको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन हुराड्सका कार्यक्रम संयोजक फिरुलाल चौधरीले गर्नुभएको थियो।

यसैगरी, सोही संस्थाको आयोजनामा सञ्चालित पाँच दिने मानवअधिकार रक्षकका लागि मानवअधिकार नेत्तृत्व विकास तालिम ०६४ फागनु १९ गते टीकापुरमा सम्पन्न भयो।

समापन समारोहमा टीकापुर बहुमुखी क्याम्पसका प्रमुख जगतबहादुर सिंह रावलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेकपा एमालेकी गरिमा शाह, राष्ट्रिय प्रजातन्त्र पार्टीका धिरेन्द्र रावल तथा तालिमका सहभागी र प्रशिक्षकहरूको सहभागिता रहेको थियो।

इन्सेक क्षेत्रीय कार्यालय धनगढीका कार्यक्रम संयोजक दिलबहादुर चौधरी, बालाराम भट्टराई, यज्ञमुर्ती अर्याल, फिरुलाल चौधरी, सोहनलाल कठरियालगायतले तालिमको सहजीकरण गर्नुभएको थियो।

धनकुटा, हुसाडेक नेपाल धनकुटाले आयोजना गरेको जिल्लास्तरीय मानवअधिकार नेतृत्व विकास तालिम ०६४ पुस २० गते सम्पन्न भयो। पाँच दिनको उक्त तालिममा धनकुटाका चारओटा गाविसहरू मुगा, पाखिवास, घोर्लिखर्क र फलाटेका वन उपभोक्ता समूह र महिला समूहहरूका प्रतिनिधिहरू सहभागी थिए।

मानवअधिकार तालिमका सहभागी, इलाम

तालिममा मानवअधिकार, महिला अधिकार र वर्तमान अवस्था, मानवअधिकारकर्मीहरूको दायित्व, बालअधिकार, जातीय विभेद, जनजाति तथा आदिवासीको अधिकार, सञ्चार, नेतृत्व र समूह आदि विषयमा छलफल गरिएको थियो। विदुर सुवेदी, खेम घिमिरे, केशव पहाडी, राजकुमारी राई, मदन वसेल र इन्सेक प्रतिनिधि गीता अधिकारीले तालिमको सहजीकरण गर्नुभएको थियो।

यसैगरी, बालअधिकारको संरक्षण र सम्बर्द्धन गर्दै बालबालिकामा अधिकारको बारेमा चेतना जागृत गराउने उद्देश्यले धनकुटाको राम माध्यमिक विद्यालय मुगामा ०६४ मङ्सिर २३ गते मानवअधिकार बालअधिकार विषयमा सचेतन कार्यक्रम सम्पन्न भयो। जसमा छात्रा २० र छात्र २० गरी ४० जनाको उपस्थिति रहेको थियो।

इलाम, मानवअधिकार मञ्च नेपाल इलामको आयोजनामा मानवअधिकार नेतृत्व विकास तालिम ०६४ पुस १२ गते सम्पन्न भयो। पाँच दिनको उक्त तालिममा इलामका चारवटा गाविसहरू शान्तिपुर, इरौंटार, कोलवुङ र जिर्मलेका वन उपभोक्ता समूह, महिला समूहका प्रतिनिधिहरू रहेका थिए। तालिममा मानवअधिकार, महिलाअधिकार र वर्तमान अवस्था, मानवअधिकारकर्मीहरूको दायित्व, बालअधिकार, जातीय विभेद, जनजाति तथा आदिवासीको अधिकार, सञ्चार, नेतृत्व र समूह आदि विषयमा छलफल भएको थियो। शकुन्तला बराल, डीएन पराजुली, मोहनसिंह थेवे, वीरवहादुर लिम्बू, शिखरनाथ सापकोटा, केशव धौराली र प्रकाश अधिकारीले तालिमको सहजीकरण गर्नुभएको थियो।

मानवअधिकार नेतृत्व विकास तालिम, इलाम

मानवअधिकार नेतृत्व विकास तालिम, इलाम

सिरहा, जनसमग्र उत्थान केन्द्र (एपेक) सिरहाको समन्वय र जिल्लास्तरीय मानवअधिकार सञ्जालको आयोजनामा मानवअधिकार दिवसको औचित्य, नेपाल सरकार र मानवअधिकाप्रतिको संवेदनशीलता अनि जिल्लामा भएका मानवअधिकार उल्लंघनका घटनाहरूका बारेमा जनचेतना जगाउने उद्देश्यले ०६४ मङ्सिर २४ गते एक च्यालीको आयोजना गरियो। च्यालीपछि आयोजित कोणसभामा प्रमुख अतिथि सामान्य प्रशासन मन्त्री रामचन्द यादव, नेपाली काङ्ग्रेसका जिल्ला उपसभापति अमर रेग्मी, नेकपा एमालेका जिल्ला सदस्य गंगा यादव, नेपाल प्रेस युनियनका केन्द्रीय सदस्य सन्तोष सुवेदीलगायतका वक्ताले आ-आफ्नो मन्तव्य राख्नु भएको थियो। कार्यक्रममा सिरहा जिल्लामा मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान गरेबापत मानवअधिकार सञ्जालका संयोजक र समग्र जनउत्थान केन्द्रका संस्थापक अध्यक्ष भैरवप्रसाद गेलाल, महिला मानवअधिकार रक्षक देवकुमारी महरा र सञ्चारकर्मी दिनेश्वरप्रसाद गुप्तालाई सम्मान गरिएको थियो। राजकुमार राउतको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन जनसमग्र उत्थानका अध्यक्ष सुनिल शाहले गर्नु भएको थियो। कार्यक्रममा महिला ५१ र पुरुष ४१ जना गरी ९२ जनाको सहभागिता रहेको थियो।

सङ्क्रमणकाल र मानवअधिकार विषयक अन्तरक्रिया कार्यक्रम

इलाम, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को आयोजनामा सङ्क्रमणकाल र मानवअधिकार विषयक एकदिने अन्तरक्रिया कार्यक्रम इलाम र पाँचथरको सिमावर्ती राँके बजारमा ०६४ माघ १२ गते सम्पन्न भयो।

कार्यक्रममा सहभागी वक्ताहरूले सङ्क्रमणकालीन समयमा राजनीतिक सहमति प्रमुख हुने भन्दै त्यसका लागि राजनीतिक दलहरूलाई दबाब दिनुपर्नेमा जोड दिनुभएको थियो। मानवअधिकारका सवालमा स्थानीयस्तरमा हुने गरेका गम्भीर प्रकृतिका घटनाहरूको चर्चा गर्दै स्थानीयवासीहरूले त्यसका लागि अधिकारकर्मी र नागरिक समाज गम्भीर भएर लाग्नुपर्ने बताउनुभयो।

कार्यक्रममा रेडक्रस उपशाखा राँकेका अध्यक्ष राजेन्द्र फुँयाल, राँके बजार व्यवस्थापन समितिका अध्यक्ष विक्रम चेम्जोङ्ग, नेकपा माओवादीका सोमनाथ सुवेदी, मानवअधिकार मञ्च नेपाल, इलामका सचिव देवेन्द्र विश्वकर्मा, मानवअधिकार तथा शान्ति कार्यसमूह मेचीका प्रकाश अधिकारी, पत्रकार महासंघ पाँचथर शाखाका सभापति लवदेव ढुङ्गानालगायतले आ-आफ्नो विचार राख्नुभएको थियो। इन्सेक पूर्वाञ्चल क्षेत्रीय संयोजक सोमराज थापाको अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा स्वागत मन्तव्य पाँचथरका इन्सेक जिल्ला प्रतिनिधि कृष्ण ओझाले र सञ्चालन लेखनाथ शिकारुले गर्नुभएको थियो।

मतदाता शिक्षा कार्यक्रम

रोल्पा, उत्तरी रोल्पाको कुरेली लिकेडमा संविधानसभासम्बन्धी मतदाता शिक्षा कार्यक्रम ०६४ फागुन २६ गते सम्पन्न भयो।

सदरमुकाम लिवाङदेखि दुई दिन हिँडेर पुगिने विकट कुरेली लिकेडमा इन्सेक आबद्ध संस्था मानवअधिकार सचेतन केन्द्र (हुरेक) को आयोजनामा मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएको हो।

संविधानसभाको पूर्वसन्ध्यामा विकट गाउँमा संविधानसभाबारे राम्रो जानकारी हुन नसकेको बेला गरिएको कार्यक्रममा गाउँलेहरूको उत्साहपूर्ण सहभागिता थियो। मतदाताहरूले भोट कसरी खसाल्ने, मतको गोपनीयता कसरी कायम हुन्छ भन्नेबारे जानकारी दिने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा ४४ पुरुष र १५ महिलाको उपस्थिति थियो। कार्यक्रममा सहजकर्ता मदनकुमार रोकाले सहजीकरण गर्नुभएको थियो।

कार्यक्रममा नेपाली काङ्ग्रेसका मालबहादुर रोका, नेकपा एमालेका तुलबहादुर रोका र नेकपा (माओवादी)का विक्रमबहादुर पुनले आ-आफ्नो मन्तव्य राख्नुभएको थियो। ●

मानवअधिकार तालिम, कपिलवस्तु

रिलेक-नेपाल गतिविधि

मानवअधिकार प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

काभ्रे, मानवअधिकार रेडियो स्रोता क्लब (रिलेक) द्वारा बनेपामा आयोजित संविधानसभा निर्वाचन पर्यवेक्षण चुनौती र समाधानका उपाय विषयक अन्तरक्रिया तथा मानवअधिकार प्रशिक्षक प्रशिक्षण तालिम ०६४ माघ २४ गते सम्पन्न भयो। तालिमको समापन समारोहमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुबोधराज प्याकुरेलले लोकतन्त्रमा मात्र मानवअधिकारको सम्मान हुने बताउनुभयो। जनताभन्दा जान्ने अरु कोही नभएको उल्लेख गर्नुभयो।

कार्यक्रममा जिल्ला निर्वाचन कार्यालय काभ्रेका कार्यालय प्रमुख हरिश्चन्द्र घिमिरे, इन्सेकका काभ्रे प्रतिनिधि भोजराज तिमल्सिना, विकासशील सामाजिक संस्थाका डि.एन. तिमल्सिना र नेपाली काङ्ग्रेसका प्रतिनिधि महेन्द्रबहादुर लामाले आसन्न संविधानसभा निर्वाचनका चुनौतीका विषयमा मन्तव्य राख्नुभएको थियो। रिलेकका अध्यक्ष लोकराज अवस्थीको अध्यक्षतामा भएको कार्यक्रममा रिलेककी उपाध्यक्ष भावना भट्टले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो। इन्सेकका निर्देशक विजयराज गौतमले उद्घाटन गर्नुभएको सो तालिममा शिव खकुरेल, विष्णुबहादुर खत्री, बद्री सिवाकोटी, लक्ष्मी निरौला र कृष्ण गौतमले शान्ति र मानवअधिकार, तथ्य सङ्कलन, मानवअधिकारको अवधारणा, प्रलेखीकरण आदि विषयमा सहजीकरण गर्नुभएको थियो। तालिममा १५ जिल्लाका ३० जना मानवअधिकार रक्षकको सहभागिता थियो।

संविधानसभासम्बन्धी विचारगोष्ठी सम्पन्न

सिन्धुली, शहिद दिवसको अवसरमा प्रगतिशील रिलेक भिमानले ०६४ माघ १६ गते नयाँ नेपाल र दिगो शान्तिको लागि संविधानसभा विषयक एकदिने विचार गोष्ठी भीमानमा सम्पन्न भयो। रिलेकको आयोजनामा भएको उक्त प्रवचन कार्यक्रममा नेपाल शिक्षक युनियनका जिल्ला अध्यक्ष शालिग्रामप्रसाद पौडेलले ग्रामीण तहका जनतामा संविधानसभाको जानकारीसमेत नभएकोले उनीहरूलाई संविधानसभाको बारेमा सचेतीकरण गराई संविधानसभाको निर्वाचन सफल पार्नुपर्ने बताउनुभयो। त्यसैगरी एमाले नगर कमिटीका सचिव रमेश देवकोटाले नयाँ नेपालको निर्माण र दिगो शान्तिका लागि संविधानसभा नै प्रमुख अङ्ग भएको बताउनुभयो। कार्यक्रममा एमाले जिल्ला कमिटीका सल्लाहकार नारायण पौडेल, अनेरास्ववियू पूर्वाञ्चल साहित्यिक मञ्चका अध्यक्ष बसन्त गाउँले, अखिल नेपाल महिला सङ्घका जिल्ला उपाध्यक्ष कमला पोखरेल, सामुदायिक विकास कार्यक्रमका बिन्दा कोइराला, प्रगतिशील रिलेक भीमानका रुद्रबहादुर खड्का, जनमुखी सामुदायिक वनका अध्यक्ष जंगबहादुर तामाङ, उच्च मावि भिमानका शिक्षक अबन बराललगायतले नयाँ नेपाल र दिगो शान्तिका लागि संविधानसभाको अपरिहार्यताका बारेमा धारणा राख्नुभएको थियो।

प्रगतिशील रिलेक भीमानका अध्यक्ष मञ्जु देवकोटाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा ६० जनाको सहभागिता रहेको थियो भने कार्यक्रमको सञ्चालन रिलेक भीमानका सचिव बैकुण्ठ कार्कीले गर्नुभएको थियो। ●

मानअधिकार प्रशिक्षक तथा प्रशिक्षण तालिममा मन्तव्य राख्दै इन्सेक निर्देशक विजयराज गौतम, काभ्रे

इन्सेकद्वारा प्रकाशित प्रेस विज्ञप्ति

०६४ चैत १४

प्रेस विज्ञप्ति

राजनीतिक दलहरूले शान्तिपूर्ण तवरले निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेलगत्तै सोलुखुम्बू जिल्लाको केरुङ गाविस-१ मा ०६४ चैत १३ गते वाईसीएलका जिल्ला सदस्य गजेन्द्र भनिने गंगा भुजेलको मृत्यु भएको घटना र चैत १४ गते बिहान धादिङको बसेरी गाविसमा माओवादी कार्यकर्ताले नेपाली काङ्ग्रेसका कार्यकर्तामाथि गरेको आक्रमणको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यसबीच माओवादीले इलाम, दोलखा, अछामलगायतका जिल्लाहरूमा पनि अन्य दलका कार्यक्रममा हस्तक्षेप गरेको समाचार सार्वजनिक भएका छन्।

जनआन्दोलनको भावनाअनुरूप हुन लागेको संविधानसभा निर्वाचनको पूर्वसन्ध्यामा भइरहेका यस्ता घटना समस्त अधिकारप्रेमी नेपाली जनताको भावना विपरीत रहेका छन्। संविधानसभा निर्वाचनको माध्यमले पहिलो पटक संविधान निर्माण गर्न पाउने अधिकारको उपयोग गर्ने अवसर नेपाली जनताले पाएका छन्। संविधानसभा निर्वाचनको सफलताको जस होस् वा असफलताको अपजस, त्यसको भागीदार अन्ततः राजनीतिक दलहरू नै हुनेछन्।

आफ्नो अनुकूल निर्वाचनको परिणाम प्राप्त नभए त्यो स्वीकार्य नहुने प्रतिक्रिया भनेको जनताको अभिमतको कुनै हालतमा आदर नगर्ने नीति हो। यस्ता अभिव्यक्तिलगायत आपराधिक कार्यलाई प्रोत्साहन दिने खालका कुनै पनि कदमलाई सभ्य मानव समुदायले मानवोचित ठहऱ्याउन सक्दैन भन्ने कुरा सबै राजनीतिक दललाई नबिर्सिन आग्रह गर्दछौं।

संविधानसभाको चुनावमा सहभागी भएका सम्पूर्ण राजनीतिक दलहरूलाई आचारसंहिताको इमानदारीका साथ पालना गर्न आह्वान गर्दछौं। मानवधिकार उल्लंघनका दोषीहरूलाई कारवाही गरी भयरहित निर्वाचनको वातावरण निर्माण गर्न सरकारसँग हामी जोडदार माग गर्दछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

छलफलीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

०६४ चैत ६

प्रेस विज्ञप्ति

संविधानसभा निर्वाचनका लागि राष्ट्रिय जनमोर्चाका तर्फबाट बाँके क्षेत्र नं. २ उम्मेदवार ५० वर्षीय कमल अधिकारीको जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) का कार्यकर्ताले हत्या गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

बाँकेको वेतहनी गाविस-९, उडुवास्थित आफ्नै घरमा सुतिरहेको बेला चार जनाको संख्यामा गएका मोर्चा कार्यकर्ताले ०६४ चैत ५ गते राति करिब १०.३० बजे घरभित्र प्रवेश गरी अधिकारीलाई चार राउण्ड गोली प्रहार गरेका थिए। गोली लागी गम्भीर घाइते भएका अधिकारीलाई उपचारार्थ भेरी अञ्चल अस्तालमा राति नै भर्ना गरिए पनि उपचारको क्रममा उनको मृत्यु भएको थियो। यो घटनाले सरकारले उम्मेदवारका सुरक्षाका लागि गरिएको व्यवस्थामाथि नै प्रश्न खडा गरेको छ।

त्यस्तै, हिजो राति रोल्पाको उबा गाविस-७ निवासी माओवादी कार्यकर्ता भक्तबहादुर विकलाई अज्ञात समूहले गोली प्रहार गरी हत्या गरेको घटनाले पनि हामीलाई उत्तिकै चिन्तित तुल्याएको छ। दुवै घटनाका दोषीहरूलाई यथाशीघ्र कारबाही गर्न हामी सरकारसँग माग गर्दछौं।

संविधानसभाको निर्वाचनको संघारमा उम्मेदवारमाथि नै भएको यस्तो आक्रमणको हामी घोर भर्त्सना गर्दछौं। यो घटना र हालै विभिन्न राजनीतिक दलका चुनावी सभाहरूमा भएका हस्तक्षेपहरूले आसन्न संविधानसभाको निर्वाचनको वातावरणलाई असर पुऱ्याउने यथार्थप्रति सजग हुन हामी सबै पक्षलाई आह्वान गर्दछौं।

तराईका विभिन्न समूहद्वारा निर्वाचन बिथोल्ने घोषणा गरिएको अवस्थामा उपयुक्त कदम चाली निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण निर्माण गर्न पनि हामी सरकारसँग आग्रह गर्दछौं। उम्मेदवारहरूलाई निर्वाध रूपमा आफ्नो प्रचारप्रसारमा लाग्ने र मतदाताहरूलाई आफ्नो मत खसाल्नका लागि बुथहरूमा निर्धक्क जाने वातावरण निर्माण गर्नका लागि उचित कदम चाल्न सरकारसँग आग्रह गर्दछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

इन्सेक insec

२०६४ चैत ६

प्रेस वक्तव्य

इन्सेकका विरुद्ध वादी फोटो पत्रकार राजेन्द्र मानन्धरले दायर गरेको प्रतिलिपि अधिकारसम्बन्धीको मुद्दामा सम्मानित काठमाडौं जिल्ला अदालतबाट आज इन्सेकले सफाइ पाएको छ। माननीय न्यायाधीश वीरबहादुर डाँगीको इजलासबाट भएको फैसलामा जाहेरवालाले प्रतिलिपि अधिकार ऐनअन्तर्गतको कसुरबमोजिम क्षतिपूर्तिबापत रु. १० लाख भराइ पाउँ भन्ने माग दावी ठहर हुन नसक्ने हुनाले प्रतिवादीले सफाइ पाउने ठहर्छ भन्ने उल्लेख गरिएको छ।

०६२-०६३ को जनआन्दोलनका क्रममा ०६३ वैशाख ७ गते कलङ्कीमा भएको हत्याकाण्डमा फोटो पत्रकार राजेन्द्र मानन्धरले खिचेको ...बन्दुक ताक्दै गरेको एस एस पी दुर्जकुमार राईको फोटो' विभिन्न पत्रिकामा इन्सेकको श्रोत उल्लेख गरी प्रकाशित भएपछि ०६३ वैशाख २० गते प्रतिलिपि अधिकार ऐनअन्तर्गत फोटो चोरी गरेको आरोप लगाई फोटो पत्रकार मानन्धरले इन्सेकसमेतका विरुद्ध जिल्ला प्रहरी कार्यालयमा जाहेरी दरखास्त दिएका थिए। जाहेरीमा इन्सेकले प्रतिलिपि अधिकार ऐनबमोजिमको कसुर अपराध गरेको हुँदा सोही ऐनको दफा २५(१) (क) र (ख) बमोजिमको सजायको मागदावी गर्नुका साथै क्षतिपूर्ति वापतको रकम रु. १० लाख प्रतिवादीहरूबाट दिलाई पाउँ भन्ने दावी गरिएको थियो।

मानवअधिकार र सामाजिक न्यायका लागि झण्डै दुई दशकदेखि समर्पित इन्सेकले प्रत्येक व्यक्तिको हक अधिकारलाई सम्मान गर्दै आएको छ। इन्सेकको श्रोत उल्लेख गरेर विभिन्न पत्रपत्रिकाले उक्त फोटो छापे पनि इन्सकेले सो फोटोलाई आफ्नो भएको कहिल्यै दावी गरेको थिएन। सम्मानित जिल्ला अदालतबाट भएको यस फैसलाले मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत रहन हामीलाई थप हौसला प्रदान गरेको छ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

झण्डैदीनताको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

०६४ फागुन ३०

प्रेस विज्ञप्ति

संविधानसभा निर्वाचनको प्रचारप्रसार गर्न गएका दलका नेता तथा कार्यकर्ताहरूलाई माओवादी कार्यकर्ताले कुटपिट, अपहरण र लुटपाटसमेत गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

रामेछाप जिल्ला प्रिति गाविस-२ को च्यावादोलु भन्ने स्थानमा आफ्नो चुनावी सभा सकेर फर्कंदै गरेका एमालेका नेता तथा कार्यकर्ताको टोलीलाई ०६४ फागुन २९ गते जङ्गलमा लुकेर बसेका माओवादीका कार्यकर्ताहरूले ढुङ्गामुढा गर्दा नेकपा (एमाले) का तर्फबाट रामेछाप जिल्ला क्षेत्र नं. १ का संविधानसभा सदस्य पदका उम्मेदवार देवशंकर पौडेल तथा एमालेका अन्तरिम विधायक कमलप्रकाश सुनुवार एमाले जिल्ला कमिटी सदस्य चित्र कार्की तथा एमाले कार्यकर्ताहरू रस्नालु गाविस-२ का शहदेव बस्नेत र सुनारपानी गाविस-३ का राजु कार्कीसहित १९ जना नेता तथा कार्यकर्ताहरू घाइते भएका छन्। संविधानसभाको निर्वाचनको प्रचारप्रसारका लागि जिल्ला दौडाहामा निस्केका एमालेका नेता तथा कार्यकर्तालाई माओवादीले आक्रमण गरेका थिए।

आफ्नो पार्टीबाहेक अन्य दलका क्रियाकलापलाई निस्तेज पार्न माओवादीले यसअघि सिन्धुपाल्चोकको लाँगचे र ललितपुरको आस्राङ गाविसमा कुटपिट, धनकुटामा लुटपाट तथा रुकुमको खारा गाविस-९ मा अपहरणसमेत गरेका थिए। यस्ता घटना मानवअधिकारका मापदण्ड मात्र होइन माओवादीले समेत स्वीकार गरेको संविधानसभा निर्वाचन आचारसंहिता विपरीत छ।

निर्वाचनको सिलसिलामा स्वतन्त्रतापूर्वक प्रचारप्रसार गर्न पाउनु मानवअधिकारको विषय रहेको तथ्यलाई हृदयङ्गम गर्दै यस्ता प्रकारका क्रियाकलाप नदोहोऱ्याउन, घटनामा संलग्न कार्यकर्तालाई कारबाही गर्न नेकपा (माओवादी) को केन्द्रीय नेतृत्वलाई आग्रह गर्दछौं। माओवादीको यस्ता कार्यप्रति निर्वाचन आयोगको ध्यानाकर्षण गराउँदै घटनामा संलग्नहरूलाई कानुनको दायरामा ल्याउन र उम्मेदवार तथा मतदाताको जिउधनको सुरक्षा गर्न आवश्यक कदम चाल्न सरकारसँग माग गर्दछौं।

विजयराज गौतम
निर्देशक

हण्डहीनताको विरोध गरौं, मानव मर्यादाको रक्षा गरौं !

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

इन्सेक insec

०६४ फागुन २५

प्रेस विज्ञप्ति

अपहृतको बिनासर्त सकुशल मुक्त गर

कपिलबस्तु जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट संविधानसभा निर्वाचन सदस्यका निम्ति जनमोर्चा नेपालको तर्फबाट उम्मेदवारी दिएका कपिलबस्तु नपा-१० निवासी कमलेस भनिने बिर्जबिहारी सुक्लाको ०६४ फागुन २४ गते राति करिब ८ बजे दोहनी गाविसस्थित दोहनी गाउँबाट संयुक्त तराई मुक्ति मोर्चाका कार्यकर्ताद्वारा अपहरण गरिएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

साथै सो घटनाको हामी घोर भर्त्सना एवम् निन्दा गर्दछौं र अपहृत सुक्लालाई तत्काल बिनासर्त सकुशल मुक्त गर्न हामी जोडदार माग गर्दछौं। मानवअधिकारको विश्वव्यापी मूल्य र मान्यताअनुरूप आफ्ना कार्य तथा गतिविधि सञ्चालन गर्दै मानवअधिकारप्रति पूर्ण सम्मान गर्न पनि हामी सम्बन्धित सबैमा आग्रह गर्दछौं।

हामी पीडितलाई न्याय दिलाउन र दोषीहरूउपर कानुनी कारवाही गराउन उपयुक्त पहलकदमी चाल्न पनि सरकारसमक्ष आग्रह गर्दछौं। साथै पश्चिमाञ्चल क्षेत्रका तराई भेगका जिल्लाहरू: नवलपरासी, रूपन्देही र कपिलबस्तुमा केही समययता आपराधिक क्रियाकलापहरूले निरन्तरता पाइरहेका घटनाहरू सार्वजनिक भएकाले ती क्षेत्रमा प्रशासनिक तथा सुरक्षा निकायले शान्ति-सुरक्षा कायम गर्न यथोचित व्यवस्थापन गर्नसमेत हामी माग गर्दछौं।

मधु पन्थी
क्षेत्रीय संयोजक

हरेक दिनको विरोध गरौं, मानव अधिकारको रक्षा गरौं !

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, अन्नपूर्णटोल, पोखरा
फोन: ०६१-५३३७०९/५३३७९२
email: pokhara@insec.org.np, website: www.inseconline.org

इन्सेक insec

०६४ फागुन २२

प्रेस विज्ञप्ति

माओवादी कार्यकर्ताले इन्सेक रामेछाप प्रतिनिधिलाई ०६४ फागुन २१ गतेदेखि बारम्बार धम्की दिएको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

मन्थली नगर विकास समितिले व्यवसायिक भवन बनाउनका लागि निकालेको टेण्डर फारम दर्ता गराउने क्रममा माओवादी कार्यकर्ताले व्यवसायीहरूसँग रकम लिएर उनीहरूले चाहेका मानिसहरूलाई फारम दर्ता गराउन थालेको विषयमा इन्सेकअनलाइन र रामेछापबाट प्रकाशित हुने नयन साप्ताहिकमा प्रकाशित सामग्रीको विषयमा विवाद गर्दै इन्सेक प्रतिनिधि नवराज पथिकलाई जबर्जस्ती माओवादी पार्टी कार्यालय लैजाने कोशिश गरी माओवादी कार्यकर्ताले खुट्टा भाँचिदिने धम्की दिएका थिए। पत्रपत्रिकामा प्रकाशित कुनै समाचार चित्त नबुझे खण्डन गर्ने शान्तिपूर्ण उपाय हुँदाहुँदै पनि शारीरिक आक्रमणको धम्की दिइनु निन्दनीय छ।

यसरी मानवअधिकार रक्षकहरूमाथि भइरहेका निरन्तर आक्रमण र धम्कीले स्थानीय तहका माओवादी कार्यकर्ता मानवअधिकार रक्षकहरूको अधिकारप्रति संवेदनशील नभएको देखाएको छ। आफ्ना कार्यकर्ताहरूलाई यस्ता घटनाहरू पुनः नदोहऱ्याउनका लागि उचित निर्देशन दिन हामी माओवादी नेतालाई आग्रह गर्दछौं। यसैगरी, सरकारलाई पनि उक्त घटनामा संलग्न माओवादी कार्यकर्तालाई कारबाही गरी इन्सेक प्रतिनिधिको सुरक्षाको प्रत्याभूतिका लागि आवश्यक कदम चाल्न आग्रह गर्दछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

हरेक दिनको विरोध गरौं, मानव गरिमाको रक्षा गरौं !

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

इन्सेक insec

०६४ फागुन २१

प्रेस विज्ञप्ती

महोत्तरी जिल्ला लोहारपट्टी प्रहरी चौकीमा कार्यरत् प्रहरी जवानद्वय २९ वर्षीय सन्तोष सिंह र ३१ वर्षीय सुरेशकुमार राउतलाई ०६४ फागुन १९ गते पानी ट्याङ्कीको विवाद मिलाउन जाँदा सितापुर भङ्गाहा गाविसको कटैया टोलवाट मधेश मुक्ति टाइगर्सका कार्यकर्ताले अपहरण गरी हालसम्म बेपत्ता पारेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ।

प्रहरी चौकीबाट सादा पोसाकमा सितापुर भङ्गाहा गाविस जाँदै गर्दा वाटोमा एउटा मोटरसाइकलमा तीन जना सवार भई आएका टाइगर्सका कार्यकर्ताले दुई प्रहरीलाई सोही मोटरसाइकलमा चढाई अपहरण गरेका थिए।

यसरी कतर्व्यको सिलसिलामा खटिएका प्रहरीहरूलाई अपहरण गरिएको र अवस्था समेत अज्ञात राखिएको घटना मानवअधिकारको गम्भीर उल्लंघन हो। उक्त कार्यको हामी घोर निन्दा एवं भर्त्सना गर्दछौं।

अपहरित प्रहरीद्वयलाई विनाशर्त तत्काल मुक्त गर्न र यस्ता घटना आगामी दिनमा नदोहऱ्याउन समम्बन्धित पक्षसँग हामी जोडदार आग्रह गर्दछौं।

कृष्ण गौतम
क्षेत्रीय संयोजक

ह्युमन राइट्स विदाउट बोर्डर्स, मानव अधिकारको रक्षा गरौं !

मानवअधिकार र आमाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय
स्यूचाटार-४, कलंकी, फोन: ४२८५४६१, फ्याक्स: ४२७०५५१
email: midregion@insec.org.np, website: www.inseconline.org

०६४ फागुन १५

प्रेस विज्ञप्ति

गएको फागुन १३ गते सुनसरीमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाद्वारा आयोजना गरिएको प्रदर्शनका क्रममा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय इनरुवामा कार्यरत वरिष्ठ हवल्दार शुक्रलाल माझीको गोली हानी हत्या भएको घटनाको हामी घोर निन्दा तथा भर्त्सना गर्दछौं।

सदरमुकाम इनरुवामा प्रत्यक्ष निर्वाचनको मनोनयन दर्ता गराउने दिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले दर्ता कार्यक्रम अवरुद्ध गर्ने क्रममा निकालिएको जुलुसमा प्रहरी हवल्दार माझीको गोली प्रहार गरी हत्या गरेको उक्त घटनाको जिम्मेवारी ज्वाला सिंह समूहले लिएको थियो।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आयोजना गरेको विरोध प्रदर्शनका कार्यक्रमहरू शान्तिपूर्ण हुने भनिए पनि प्रदर्शनमा हतियारधारी समूहको उपस्थिति रहने गरेको कुरा यो घटनाले छर्लङ्ग पारेको छ। मानवअधिकारहरूको विश्वव्यापी घोषणा पत्र, संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रका साथै नेपालको अन्तरिम संविधान, २०६३ मा शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकार प्रत्याभूत गरिएको छ। हतियारसहित प्रदर्शनमा उत्रने अधिकार कसैलाई पनि छैन।

मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको विश्वव्यापी मान्यता विपरीत भएको उक्त घटनाको तत्काल छानवीन गरी दोषीमाथि कडा कारबाही गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) ले आफ्ना गतिविधिहरू राजनीतिक भएको बताउँदै आएपनि उनीहरूद्वारा बारम्बार अपराधिक घटनाहरू हुने गरेका छन्। ज्वाला सिंह समूहद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुनका विरुद्ध सुनियोजित र खुल्ला रूपमा उक्त घट्ना भएकोले अब हामी विश्व समुदायसमक्ष सोही अनुसार ज्वाला सिंह समूहलगायतका सशस्त्र समूहहरूसँग वर व्यवहार गर्न अनुरोध गर्न बाध्य हुनेछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

इन्सेक insec

०६४ फागुन १५

प्रेस विज्ञप्ति

गएको फागुन १३ गते सुनसरीमा संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाद्वारा आयोजना गरिएको प्रदर्शनका क्रममा सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय इनरुवामा कार्यरत वरिष्ठ हवल्दार शुक्रलाल माझीको गोली हानी हत्या भएको घटनाको हामी घोर निन्दा तथा भर्त्सना गर्दछौं।

सदरमुकाम इनरुवामा प्रत्यक्ष निर्वाचनको मनोनयन दर्ता गराउने दिन संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले दर्ता कार्यक्रम अवरुद्ध गर्ने क्रममा निकालिएको जुलुसमा प्रहरी हवल्दार माझीको गोली प्रहार गरी हत्या गरेको उक्त घटनाको जिम्मेवारी ज्वाला सिंह समूहले लिएको थियो।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाले आयोजना गरेको विरोध प्रदर्शनका कार्यक्रमहरू शान्तिपूर्ण हुने भनिए पनि प्रदर्शनमा हतियारधारी समूहको उपस्थिति रहने गरेको कुरा यो घटनाले छर्लङ्ग पारेको छ। मानवअधिकारहरूको विश्वव्यापी घोषणा पत्र, संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रका साथै नेपालको अन्तरिम संविधान, २०६३ मा शान्तिपूर्ण प्रदर्शन गर्न पाउने अधिकार प्रत्याभूत गरिएको छ। हतियारसहित प्रदर्शनमा उत्रने अधिकार कसैलाई पनि छैन।

मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको विश्वव्यापी मान्यता विपरीत भएको उक्त घटनाको तत्काल छानवीन गरी दोषीमाथि कडा कारवाही गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं।

जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वालासिंह) ले आफ्ना गतिविधिहरू राजनीतिक भएको बताउँदै आएपनि उनीहरूद्वारा बारम्बार अपराधिक घटनाहरू हुने गरेका छन्। ज्वाला सिंह समूहद्वारा अन्तर्राष्ट्रिय मानवीय कानुनका विरुद्ध सुनियोजित र खुल्ला रूपमा उक्त घट्ना भएकोले अब हामी विश्व समुदायसमक्ष सोही अनुसार ज्वाला सिंह समूहलगायतका सशस्त्र समूहहरूसँग वर व्यवहार गर्न अनुरोध गर्न बाध्य हुनेछौं।

सुबोधराज प्याकुरेल
अध्यक्ष

मानवअधिकार र सामाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
स्यूचाटार-४ (नीलो घर), कलंकी, पो. ब. नं. २७२६, काठमाडौं, नेपाल
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
email: insec@insec.org.np, website: www.inseconline.org

ह्वाइटनाको विरोध गरौं, मानव मर्यादाको रक्षा गरौं !

०६४ फागुन १४

प्रेस विज्ञप्ति

विगत १४ दिनदेखि मधेशमा जारी बन्द तथा आमहड्तालको समर्थनमा उत्रिएका प्रदर्शनकारीहरूलाई धरपकड गरी प्रहरीले व्यापक मानवअधिकार उल्लंघन गरेका समाचारहरू प्रकाशमा आइरहेका छन्।

यसै सन्दर्भमा, आज फागुन १४ गते दिउँसो २.३० बजे रौतहटको गरुडामा भएको विरोध प्रदर्शनमा उत्रिएका स्थानीयबासीलाई प्रहरीले धरपकड र कुटपिट गरेको सो क्रममा ४ जना पत्रकार समेत ४० जना स्थानीय बासिन्दा र घाइते भएको खबर सार्वजनिक भएको छ। प्रहरीले सो क्रममा स्थानीय बासिन्दाको घरघरमा पसी कुटपिट गरेका तथा कतिपयलाई लखेटेर खेतसम्म पुऱ्याई कुटपिट गरेको थियो।

जनताको शान्तिपूर्ण आन्दोलनमा व्यापक .दमन नगर्न तथा मानवअधिकार, मानवीय कानुनको सम्मान गर्न तथा संयम अपनाउन हामी नेपाल सरकारसँग अनुरोध गर्दछौं। यसका साथै आन्दोलनरत पक्षहरूलाई आफ्ना विरोधका कार्यक्रमहरू पनि शान्तिपूर्ण तरिकाले सञ्चालन गर्न अनुरोध गर्दछौं। यसै सन्दर्भमा रौतहट जिल्लामा केही दिन यता रौतहटमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूको तथ्य सङ्कलन गर्न काठमाडौंबाट मानवअधिकारकर्मीहरूको एक टोली भोलि रौतहट प्रस्थान गर्दैछ।

कृष्ण गौतम
क्षेत्रीय संयोजक

ज्यान्दोलनको विरोध गरौं, मानव अधिकारको रक्षा गरौं !

मानवअधिकार र आमाजिक न्यायको निम्ति
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
मध्यमाञ्चल क्षेत्रीय कार्यालय
स्यूचाटार-४, कलंकी, फोन: ४२८५४६१, फ्याक्स: ४२७०५५१
email: midregion@insec.org.np, website: www.inseconline.org

नेपालको पहिलो

मानवअधिकार समाचार अनलाइन

नेपाली र अङ्ग्रेजी भाषामा

www.inseconline.org

मानवअधिकारसम्बन्धी विविध
समाचारहरू समेटिएको
यस वेबसाइटमार्फत्
देशको मानवअधिकार स्थितिको ताजा
जानकारी लिनुहोस् ।

संयोजन/सम्पादनः मदन पौडेल
डिजाइनः गीता माली
कभर फोटोः विमलचन्द्र शर्मा

मानवअधिकार र सामाजिक न्यायका लागि
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलङ्की, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं
फोन: ४२७८७७०, फ्याक्स: ४२७०५५१
इमेल: insec@insec.org.np
वेबसाइट: www.inseconline.org

BY AIRMAIL